प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

CDS and Clearing Limited

पत्र संख्या : २०७२/७३ –९७

चलानी नं. : ६७६

CDS and Clearing Ltd.

## प्रेस विज्ञप्ति

सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) ले अभौतिक कारोबारलाई प्रोत्साहन दिने कार्यलाई निरन्तरता दिनका लागि मिति २०७२/०८/२० गते देखि पन्ध्र दिन सम्मका लागि तपशिल बमोजिमका थप तीन वटा कम्पनीको धितोपत्र भौतिक रुपमा बिक्री गर्न सक्ने तर खरिदकर्ताले अभौतिक रुपमा स्वामित्व प्राप्त गर्नु पर्ने र मिति २०७२/०९/०६ गते देखि धितोपत्रको कारोबार र राफसाफ कार्य विनियमावलीको अधिनमा रही पूर्ण रुपमा अभौतिक रुपमा शुरु गर्ने निर्णय गरेको व्यहोरा यसै प्रेस विज्ञप्ति मार्फत् सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराईन्छ। सो कार्यका लागि साविककै देहाय बमोजिमका प्रकृयाहरु अवलम्बन गरिनेछ :

### तपशिल :

१. हाम्रो विकास बैंक लि.

२. भार्गब विकास बैंक लि.

३. सेती फाइनान्स लि.

### प्रकृयाहरु

- छानिएका कम्पनीका शेयर भौतिक वा अभौतिक रुपमा बिक्री गरिनेछ र खरिदकर्तालाई अभौतिक रुपमा हस्तान्तरण गरिनेछ।
- छानिएका कम्पनीका Blank Transfer (BT) मा रहेका शेयर तथा अनुसूची बिक्री गर्न चाहनेले मिति २०७२/०९/०५ गते भित्र बिक्री गर्नु पर्नेछ।
- तोकिएको अवधि भित्र बिक्री नगरेमा सो लाई सम्बन्धित निकायमा पठाएर भौतिकीकरण गर्ने वा अभौतिकिकरण गर्नु पर्नेछ।
- छानिएका कम्पनीहरुको कारोबार र राफसाफ मिति २०७२/०९/०६ गते देखि पूर्ण रुपमा अभौतिक रुपमा गर्नु पर्नेछ।
- सिडिएससिमा दर्ता भएका अन्य कम्पनीहरुको हकमा धितोपत्रको अभौतिकीकरण तथा कारोबार र सो को राफसाफ सम्बन्धमा **"भौतिक रुपमा रहेका धितोपत्र कारोबारको खरिद गर्दा अभौतिकीकरण गर्ने कार्यविधि, २०७१"** मा भएको व्यवस्था यथावत् रहनेछ।

**नोट:** यसै सन्दर्भमा सम्पूर्ण शेयरधनी महानुभावहरुले निक्षेप सदस्यकोमा गई अविलम्ब डिम्याट् खाता खोली अभौतिक धितोपत्रको कारोबार गरी सहयोग गर्नु हुन समेत अनुरोध गर्दछौं।

मिति : २०७२/०८/२८

सिंहदरबार प्लाजा, काठमाडौं, नेपाल।

Singhdurbar Plaza, Kathmandu, Nepal.

Tel.: 977-1-4250596

Website: www.cdscnp.com